प्रति साधारण शेयर रु.१००/- अंकित दरको १०,००,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड
NEPAL COMMUNITY
Development Bank Ltd. Banking with Excellence
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतप्राप्त संस्था (३ जिल्ला कार्यक्षेत्र भएको)

बुटवल-८, रूपन्देही, नेपाल
फोन नं. : ०७१-५४१८१७, ५४१८१८ फ्याक्स नं. ०७१-५४१८१९
E-mail: info@ncdbank.com, web:www.ncdbank.com

यस कम्पनीको हकप्रद शेयर निष्काशन गर्नका लागि ईक्रा नेपाल लि. बाट "ईक्रा एनपि आईपिओ ग्रेड ४" को प्रमाणपत्र प्राप्त गरेको छ ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्काशन खुल्ला मिति: २०७३/१/३० गते
निष्काशन बन्द हुने मिति: २०७३/३/१ गते
(बैंकिंग समय पश्चात्)

१ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

डेभलपमेण्ट बैंकको आ.व. ०७१/०७२ मा कायम चुक्ता पूँजी रु.१०,००,००,०००/- (आ.व. २०७१/०७२ को बोनश शेयर बाहेक) को एक शेयर बराबर एक (१ : १) शेयरको अनुपातमा रु.१००/- अंकित दरका १०,००,००० कित्ता हकप्रद साधारण शेयर मिति २०७३/१/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम:

नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड (Nepal Community Development Bank Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस डेभलपमेण्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बुटवल-८, रुपन्देहीमा रहेकोछ।

३. कारोवार स्थान :

यस डेभलपमेण्ट बैंकको वित्तीय कारोवार गर्ने मुख्य स्थान बुटवल-८, रुपन्देहीमा रहेकोछ। यसको अलावा डेभलपमेण्ट बैंकले आफ्नो कार्यक्षेत्र अन्तर्गत रुपन्देही जिल्लाको सौ फर्साटिकर, चितवन जिल्लाको टाँडी र नवलपरासी जिल्लाको भुताहा तथा अरुणखोला स्थित आफ्नो शाखा कार्यालयहरु एवम् रुपन्देही जिल्लाको रानिवगिया र चितवन जिल्लाको बुद्धचोक स्थित एक्सटेन्सन काउन्टरहरु मार्फत वित्तीय कारोवारहरु गर्दै आइरहेको छ। साथै यस डेभलपमेण्ट बैंकले भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६/१२/०९ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६७/७/८ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६७/७/१७ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ। यस डेभलपमेण्ट बैंकका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, पर्यटन, बैदेशिक रोजगार, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन्। नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस डेभलपमेण्ट बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेकाछन्।

अ) डेभलपमेण्ट बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
इ) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
ई) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुऱ्याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुऱ्याउने र
उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी : यस डेभलपमेण्ट बैंकको अधिकृत पूँजी रु.३०,००,००,०००/- (अक्षरेपी तीस करोड) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ३०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ख) जारी पूँजी : यस डेभलपमेण्ट बैंकको जारी पूँजी रु.२०,९५,००,०००/- (अक्षरेपी बीस करोड पैचानब्बे लाख) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २०,९५,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ग) चुक्ता पूँजी : हाल डेभलपमेण्ट बैंकको चुक्ता पूँजी रु.१०,९५,००,०००/- (अक्षरेपी दश करोड पैचानब्बे लाख) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका १०,९५,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। स्वीकृत विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् डेभलपमेण्ट बैंकको चुक्ता पूँजी रु.२०,९५,००,०००/- (अक्षरेपी बीस करोड पैचानब्बे लाख) हुनेछ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने डेभलपमेण्ट बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	१४,६६,५००	७०%	१४,६६,५०,०००/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	६,२८,५००	३०%	६,२८,५०,०००/-	शतप्रतिशत
	जम्मा	**२०,९५,०००**	**१००%**	**२०,९५,००,०००/-**	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

डेभलपमेण्ट बैंकको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छः

सि.नं	नाम र ठेगाना	पद	योग्यता	व्यवसायिक अनुभव	प्रतिनिधित्व समूह
१.	पशुपति घिमिरे तिलोत्तमा-६, रुपन्देही	अध्यक्ष	स्नातक	**पूर्व अनुभव** • प्रबन्ध निर्देशक, नेपाल कफी कम्पनी मणिग्राम, रुपन्देही, १० वर्ष • अध्यक्ष, एफ.ई.सी. बचत तथा ऋण सहकारी संस्था, ५ वर्ष • संचालक, एफ.ई.सी. बचत तथा ऋण सहकारी संस्था, २ वर्ष • संचालक, विकास बहुउद्देश्यीय सहकारी संस्था, २ वर्ष • अध्यक्ष, हिमालयन कफी सहकारी संस्था, २ वर्ष। **हाल कार्यरत** • अध्यक्ष, सञ्चालक समिति, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि. , स्थापना काल देखि।	संस्थापक समूह
२.	श्री युवराज के.सी. वाणगंगा-१, कपिलवस्तु	संचालक	स्नाकोत्तर	**पूर्व अनुभव** • कार्यकारी निर्देशक, मध्यमाञ्चल ग्रामीण विकास बैंक, जनकपुर, ४ वर्ष • वरिष्ठ अधिकृत, रुरल माईक्रो फाईनान्स डेभलपमेण्ट सेन्टर, काठमाण्डौं, ३ वर्ष • वरिष्ठ अधिकृत, पश्चिमाञ्चल ग्रामिण विकास बैंक, बुटवल, ३ वर्ष। **हाल कार्यरत** • एग्रो व्यवसाय/समाज सेवा • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि. , स्थापना काल देखि।	संस्थापक समूह
३.	श्री हिरामणी अर्याल काठमाण्डौ-३४	संचालक	स्नाकोत्तर	**पूर्व अनुभव** • शिक्षक तथा प्राचार्य महेन्द्र आदर्श उच्च मा.वि., वामी टक्सार, गुल्मी, २१ वर्ष • प्रमुख, रुद्रावति बहुमुखी क्याम्पस, वामी टक्सार, गुल्मी, ८ वर्ष। **हाल कार्यरत** • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., स्थापना काल देखि।	संस्थापक समूह
४.	डा.खिमानन्द पाण्डे बुटवल-११, रुपन्देही	संचालक	विद्यावारिधि (पी.एच.डी.)	**पूर्व अनुभव** • लेक्चरर, विभिन्न क्याम्पस, ९ वर्ष • पाष्ट प्रेसिडेण्टेण्ट, रोटरी क्लव अफ बुटवल, साउथ। **हाल कार्यरत** • एशोसियट प्रोफेशर, बुटवल बहुमुखि क्याम्पस, १६ वर्ष देखि • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., २०७१ देखि।	संस्थापक समूह
५.	श्री संगिता गौतम अर्याल तिलात्तमा-१, रुपन्देही	संचालक	एस.एल.सी.	**पूर्व अनुभव** • कोषाध्यक्ष, हिमालयन कफी सहकारी संस्था, ३ वर्ष • सल्लाहकार, श्री साना किसान कृषि सहकारी संस्था लि. , ३ वर्ष। **हाल कार्यरत** • सञ्चालक, पामिर ईनटरनेशनल एकेडेमि प्रा.लि., २०४८ देखि • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., २०७१ देखि।	संस्थापक समूह
६.	श्री शालिक राम वेल्वासे सिदार्थनगर-८, रुपन्देही	संचालक	स्नाकोत्तर	**पूर्व अनुभव** • शिक्षक, विभिन्न विद्यालयहरु, ५ वर्ष • लेक्चरर, विभिन्न कलेज तथा क्याम्पसहरु, ३ वर्ष। **हाल कार्यरत** • लेक्चरर, गाल्डेनगेट ईन्टनेशनल कलेज • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., २०७१ देखि।	सर्वसाधारण समूह
७.	श्री जनक राज शेरचन बुटवल-१३, रुपन्देही	संचालक	स्नातक	**पूर्व अनुभव** • शिक्षक, माइक्रोसिस कम्प्युटर प्रा.लि. । **हाल कार्यरत** • प्रबन्ध निर्देशक, गुरुकूल अब्रोड कन्सल्टान्ट प्रा.लि. • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., २०७१ देखि।	सर्वसाधारण समूह

डेभलपमेण्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नाम : श्री राजन प्रसाद खनाल | **ठेगाना** : सि.न.पा. वडा नं.८, रुपन्देही | **योग्यता** : स्नातक
अनुभव : नेपाल बैंक लिमिटेडमा सहायक स्तर देखि अधिकृत स्तरसम्मको पदमा करिब २४ बर्ष तथा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडमा प्रबन्धकको रुपमा करिब १५ बर्षको गरि बैंक तथा वित्तीय संस्थाको कुल ३९ वर्षको कार्य अनुभव।

८. संचालक समितिको बनौट :

डेभलपमेण्ट बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	५ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	२ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना
जम्मा	**८ (आठ) जना**

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

यस डेभलपमेण्ट बैंकको आ.ब.०७१/०७२ मा कायम चुक्ता कुल साधारण शेयर संख्या १०,००,००० कित्ताको एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा (अर्थात् हाल कायम १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु. १००/- का दरले जम्मा १०,००,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम तथा हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था:

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि डेभलपमेण्ट बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति अर्थात २०७३/१/१६ गतेसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन्। स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन। तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" भएको ब्यवस्था अनुसार सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा बिक्री गर्नेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ।

१२. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१. शेयर पूँजी	७०,०००	१००,०००	१०९,५००	२०९,५००	४६०,९००	५०६,९९०
२. जगेडा तथा कोषहरु	(५,७७३)	१,७०८	५,२६५	३४,७१५	९०,१०९	१६१,०४६
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-
५. निक्षेप दायित्व	५४९,५५१	६७५,३२९	९१८,०९०	१,४१८,९२३	१,७०२,२५९	२,०४१,९७२
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	५००	-	-	-
८. आयकर दायित्व	-	-	५,८८५	-	-	-
९. अन्य दायित्व	५,३९९	१३,४२४	१३,५७१	१४,७६७	१६,२४३	१७,८६८
कुल पूँजी तथा दायित्व	६१९,१७८	७९०,४६१	१,०५२,८११	१,६७७,९०५	२,२६९,५११	२,७२७,८७६

सम्पत्ति	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१. नगद मौज्दात	८,९६६	१०,९२५	१९,८३०	२२०,५६८	३५६,६४०	५९८,७६०
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२८,०००	३०,६००	३०,९९५	३९,७८०	५७,६८१	६३,४४९
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	१५५,४५९	१४९,५४२	२३४,५१८	१७९,४५१	२५१,२३१	३०१,४७८
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-	-	-
५. लगानी	-	-	-	-	-	-
६. कर्जा सापट तथा बिल खरिद	३९९,९३३	५७७,९९३	७२९,२११	१,२०९,३७५	१,५७२,१२७	१,७२९,३३९
७. स्थिर सम्पत्ति	१७,२३१	१४,६२५	२५,३२५	१६,०८८	१७,६९७	१९,४६६
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	९,५८९	६,७७५	१२,९३२	१२,६४३	१४,१३५	१५,३८३
कुल सम्पत्ति	६१९,१७८	७९०,४६१	१,०५२,८११	१,६७७,९०५	२,२६९,५११	२,७२७,८७६

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१. व्याज आम्दानी	६६,५१४	८८,१८५	१०५,६३७	१४७,६७०	२१०,८६४	२४८,८७७
२. व्याज खर्च	४९,९७०	५७,२२५	५६,०५८	७३,०३२	९७,५३७	११७,००७
खुद ब्याज आम्दानी	१६,५४४	३०,९६०	४९,५७९	७४,६३९	११३,३२७	१३१,८७०
३. कमिशन तथा डिस्काउण्ट	३४६	५०५	९८५	१,३१७	१,७१३	२,०५५
४. अन्य संचालन आम्दानी	४,९१४	७,३८०	७,७५९	१९,३०३	२४,९७१	२९,८२९
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-
कुल संचालन आम्दानी	२१,८०४	३८,८४४	५८,३२३	९५,२५९	१४०,०११	१६३,७५४
६. कर्मचारी खर्च	६,३७८	११,०२४	१४,७४२	२१,५८०	२४,८१७	२६,०५८
७. अन्य संचालन खर्च	१३,५३४	१४,४७३	२०,२६६	२२,५२५	२४,४३६	२४,५८३
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	१,८९२	१३,३४७	२३,३१५	५१,१५३	९०,७५८	११३,११३
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	१,०५५	१,८५३	१,८६६	४,८७५	३,७११	१,६४०
संचालन मुनाफा/(नोक्सान)	८३७	११,४९४	२१,४५०	४६,२७९	८७,०४७	१११,४७३
१०. गैर संचालन आम्दानी/(नोक्सान)	-	-	-	-	-	-
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	-	-	-	-	-
नियमित कारोबारबाट भएको मुनाफा	८३७	११,४९४	२१,४५०	४६,२७९	८७,०४७	१११,४७३
१२. असामान्य कारोबारबाट भएको मुनाफा/ (खर्च)	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा	८३७	११,४९४	२१,४५०	४६,२७९	८७,०४७	१११,४७३
१३. कर्मचारी बोनस व्यवस्था	-	१,०४५	१,९५०	४,२०७	७,९१३	१०,१३४
१४. आयकर ब्यबस्था	३१३	२,९६८	५,९६३	१२,६२१	२३,७४०	३०,४०२
यस वर्षको	३१३	३७६	५,८८५	१२,६२१	२३,७४०	३०,४०२
गत वर्षको	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	-	(२,५९२)	(७८)	-	-	-
खुद मुनाफा/(नोक्सान)	५२४	७,४८१	१३,५३७	२९,४५०	५५,३९४	७०,९३८
शेयर संख्या (हजारमा)	७००	१,०००	१,०००	२,०९५	४,६०९	५,०७०
प्रति शेयर आम्दानी (रु.)	०.७५	७.४८	१३.५४	१४.०६	१२.०२	१३.९९

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
चुक्ता पूँजी	७०,०००	१००,०००	१००,०००	२०९,५००	४६०,९००	४६०,९००
जगेडा तथा कोषहरु	(५,७७३)	१,७०८	५,२६५	३४,७१५	९०,१०९	१६१,०४६
कुल	६४,२२७	१०१,७०८	१०५,२६५	२४४,२१५	५५१,००९	६२१,९४६
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	(१,०४६)	(७८५)	(१,३६३)	(१,८९९)	(२,३८९)
कुल नेटवर्थ	६४,२२७	१००,६६२	१०४,४८१	२४२,८५२	५४९,१०९	६१९,५५७
शेयर संख्या (हजारमा)	७००	१,०००	१,०००	२,०९५	४,६०९	४,६०९
प्रति शेयर नेटवर्थ (रु.)	९१.७५	१००.६६	१०४.४८	११५.९२	११९.१४	१३४.४२
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	०.८२%	७.४३%	१२.९६%	१२.१३%	१०.०९%	११.४५%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				१३.८७%		

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता डेभलपमेण्ट बैंक आफैले तयार पारेको हो। उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एशोसिएट्स, किर्तिपुर, काठमाण्डौं रहेको छ।

१३. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभावित आर्थिक जोखिमहरु :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
ख) डेभलपमेण्ट बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।
यस डेभलपमेण्ट बैंकको सञ्चालनको इतिहास करिब ६ (छ) वर्षको रहेको छ। डेभलपमेण्ट बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन्। यस डेभलपमेण्ट बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पुऱ्याएको छ। यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम:
रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व डेभलपमेण्ट बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन्।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली डेभलपमेण्ट बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
६) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरिनेछ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा डेभलपमेण्ट बैंकको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।

१५. यस कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०६९/०७०	सूचिकृत नभएको	सूचिकृत नभएको	सूचिकृत नभएको	सूचिकृत नभएको
०७०/०७१	१९५/-	१२०/-	१८९/-	२०.६७
०७१/०७२	३४९/-	३४३/-	३४९/-	०.३२

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७२ कार्तिक	२३९/-	२३९/-	२३९/-	०.१२
२०७२ मंसीर	२५६/-	२४३/-	२५५/-	०.७४
२०७२ पौष	२६०/-	२५०/-	२६०/-	१.६०

द्रष्टव्य: यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

१६. शेयर बाँडफाँड सम्बन्धी ब्यबस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" ले निर्धारित गरेको समयभित्र डेभलपमेण्ट बैंकको सञ्चालक समितिले हकप्रद शेयरको बाँडफाँड गरे पश्चात "हकप्रद शेयरको बाँडफाँड सम्बन्धी सूचना" राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।

१७. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी ब्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी सम्बन्धित शेयरधनीको हितग्राही खातामा हकप्रद शेयर जम्मा गरे पश्चात शेयर खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

१८. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

डेभलपमेण्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ। यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" मा भएको देहायका ब्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(छ) हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न।
२) डेभलपमेण्ट बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप पाँचौं बार्षिक साधारण सभाबाट १ : १ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न।
३) डेभलपमेण्ट बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
४) डेभलपमेण्ट बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि डेभलपमेण्ट बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) डेभलपमेण्ट बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि डेभलपमेण्ट बैंकको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न।

२०. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी डेभलपमेण्ट बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ।

क्र.सं.	विवरण	रकम (रु.)
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिब रु.२,००,००,०००/-
२.	कर्जा तथा लगानी प्रवाह	करिब रु.६,५०,००,०००/-
३.	शाखा विस्तार	करिब रु.५०,००,०००/-
४.	सरकारी ऋणपत्र	करिब रु.१,००,००,०००/-
	जम्मा	**करिव रु.१०,००,००,०००/-**

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यबस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	००१०१०१०३१८२०४
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौ	K-६१४०७१-CL

उपरोक्त निष्काशन बैंकहरुमा दरखास्त फारम वितरण गर्ने तथा बुझिलिने ब्यबस्था गरिएको छैन।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ। सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको "धितोपत्र निष्काशन निर्देशिका, २०६५" को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा साठी दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ।

२३. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ।
२. श्री नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लि., बुटवल-८, रुपन्देही तथा डेभलपमेण्ट बैंकको शाखा कार्यालयहरु।

यस हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ। शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।

२४. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस डेभलपमेन्ट बैंकको संचालकहरुले जम्मा गर्नुपर्ने रकम रु.३२,४१,६००/- शत् प्रतिशत भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं। हक हस्तान्तरण गर्न चाहने अन्य शेयरधनीहरुको हकमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यवस्था बमोजिम गरिने व्यहोरा समेत अवगत गराउंदछौं।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहिरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड
NEPAL COMMUNITY
Development Bank Ltd. Banking with Excellence
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतप्राप्त संस्था (३ जिल्ला कार्यक्षेत्र भएको)

बुटवल-८, रूपन्देही, नेपाल
फोन नं. : ०७१-५४१८१७, ५४१८१८ फ्याक्स नं. ०७१-५४१८१९
E-mail: info@ncdbank.com, web:www.ncdbank.com
को

सि.नं.

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

मार्फत: NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

कोड नं. ☐☐☐

शेयरधनी नं./परिचय नं. ☐

DP ID ☐☐☐☐☐☐☐☐
Client ID ☐☐☐☐☐☐☐☐

श्री संचालक समिति,
नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड
बुटवल-८, रुपन्देही, नेपाल।

महाशय,

त्यस डेभलपमेण्ट बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७३/१/१६ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा डेभलपमेण्ट बैंकले जारी गरेको एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा.............कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं। त्यस डेभलपमेण्ट बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

साविकको			कायम हक अनुसार लिन चाहेको जम्मा शेयर कित्ता		हक हस्तान्तरण गरिदिनेको शेयरधनी नं.	हक हस्तान्तरण गरी लिएको हकप्रद शेयर	कायम तथा हक हस्तान्तरण जोड गरी लिन चाहेको जम्मा हकप्रद शेयर कित्ता	
शेयर प्रमाण-पत्र नं.(हरु)	जम्मा शेयर कित्ता							
	अंकमा	अक्षरमा	अंकमा	अक्षरमा		अंकमा	अंकमा	अक्षरमा

माथी कोष्ठमा नपुगेमा छुट्टै कागजमा विवरण भर्नुभई दस्तखत गरि संलग्न गर्नुहोला।

प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.		अक्षरेपी	
रकम बुझाएको स्थान:		रसिद भौचर नं.:	मिति:

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक			
	In English	Mr./Mrs./Miss/Minor			USE CAPITAL LETTER
ठेगाना	वडा/घर नं./टोल			गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole			VDC/Municipality	
जिल्ला		E-mail		Mobile/Phone No.	
District		P.O. Box No.		P.B. District	
बाबुको नाम					
Father's Name					
बाजे/पति/पत्नीको नाम					
Grandfather's/ Husband's Wife's Name					
संरक्षकको नाम (नाबालकको हकमा)					

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो। नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं।

नोट:
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ।
२. धेरै शेयर प्रमाण-पत्रहरु भएमा छुट्टै सिटमा उल्लेख गरी यस दरखास्त फारमसाथ संलग्न गर्नु हुन अनुरोध छ।
३.. DEMAT तथा भौतिक शेयर दुवै भएमा छुट्टाछुट्टै फाराम भर्नुपर्नेछ।
४. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Clint Id दुवै उल्लेख गर्नुपर्नेछ तथा आफ्नो Demat खाताको Statement समेत संलग्न गर्नुहुन अनुरोध छ।
५. चेक भुक्तान नभएमा दरखास्त फारम स्वत: रद्द हुनेछ।

यस दरखास्त फारममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्कालेे भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फत: NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	Nepal Community Development Bank Ltd.				
No. Of shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only: Code No. ☐☐☐
Received by: DP ID ☐☐☐☐☐☐☐☐
Date: Stamp Client ID ☐☐☐☐☐☐☐☐

निवेदकको दस्तखत
(Applicant's Signature)

१) हकप्रद साधारण शेयर प्रमाण-पत्र लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। २) हकप्रद साधारण शेयर बाँडफाँडमा परेका शेयरधनीले शेयरको प्रमाण-पत्र बुझ्न आउँदा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा अन्य कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। ३) हकप्रद साधारण शेयरको प्रमाण-पत्र लिन आउँदा आफु उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडी मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिद अनिवार्य रुपमा पेश गरी शेयरधनीको नागरिकता प्रमाण-पत्रको वा अन्य कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपिका साथै मञ्जुरीनामा प्राप्त गर्ने व्यक्तिको परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com